**गाउँपालिकाका अध्यक्ष श्री भक्त सिंह ठेकरे बोहराले**

**गाउँ सभामा प्रस्तुत गर्नु भएको**

**अपिहिमाल गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को**

# नीति तथा कार्यक्रम

स्थानीय सरकार

अपिहिमाल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खण्डेश्वरी, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

२०८१

**अपिहिमाल गाउँपालिकाका अध्यक्ष श्री भक्तसिंह ठेकरे बोहराबाट गाउँसभामा प्रस्तुत गरिएको आर्थिक वर्ष २०८१/२०८२ को नीति तथा कार्यक्रम**

**गाउँ सभाका सदस्यहरू,**

**यस गरिमामय गाउँसभामा आमन्त्रित राजनितिक दलका प्रतिनिधिहरु नागरिक समाज बुद्धिजीबि उद्योगी व्यापारी पत्रकार राष्ट्रसेवक कर्मचारीहरु सुरक्षाकर्मी मित्रहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत तथा न्यानो अभिवादन व्यक्त गर्दछु ।**

१. यस गाउँ सभाको प्रारम्भमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना र समाजको अग्रगामी रूपान्तरणका लागि समय समयमा भएका ऐतिहासिक जनआन्दोलन, जनयुद्ध तथा न्याय पूर्ण संघर्ष लगायतका विभिन्न आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिद प्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाइते योद्धाहरु तथा वेपत्ता नागरिकहरुलाई उच्च सम्मान प्रकट गर्दै सम्पूर्ण देशभक्त नागरिकले राष्ट्र निर्माणमा पुऱ्याएको योगदानलाई आदरपूर्वक स्मरण गर्दछु ।

२. ऐतिहासिक संविधान सभाबाट जारी नेपालको संविधानले व्यवस्था गरेको संघीय शासन प्रणाली, समाजवाद उन्मुख आर्थिक सामाजिक रुपान्त्रण सहित सुशासन, बिकास र सामाजिक न्याय सहित विगतमा हासिल गरेका उपलब्धीहरुलाई संस्थागत गर्दै अपिहिमाल गाउँपालिकालाई **"सुन्दर, समृद्ध र विकसित अपिहिमाल"** गाउँपालिका बनाउने ध्येयलाई निरन्तरता दिदै गाउँपालिकाबासी जनताहरुको जन आकांक्षा अनुरुप आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु।

३. गाउँपालिका सरकार विगत झै प्रदेश र संघीय सरकारसँगको समन्वय, सहकार्य र सहअस्तित्वको माध्यमबाट समग्र गाउँपालिकाको विकासमा दत्तचित्त भएर लाग्ने विश्वास दिलाउँदै प्रदेश तथा संघीय सरकारका तर्फबाट पनि सोही बमोजिमको अपेक्षा गर्दछु ।

४. नेपालको संविधान, अन्तराष्ट्रिय प्रतिवद्धता, दिगो विकास लक्ष्य, सोहौँ पञ्चवर्षीय योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको प्रथम पञ्चबर्षीय योजना प्रदेश सरकारको नीति तथा कार्यक्रम, गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजना, श्रोत साधनको उपलब्धता, गाउँपालिकाको आवश्यकता एवं नागरिकको माग र चाहनालाई मध्यनजर गर्दै स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित भई गठन भएको गाउँपालिकाको सरकारले यो तेस्रो नीति तथा कार्यक्रम तयार गरेको छ ।

**गाउँ सभाका सदस्यहरू,**

आर्थिक वर्ष २०८०/०८१ को आर्थिक नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा सहित हाँसिल भएका केही महत्वपूर्ण पहल संक्षेपमा प्रस्तुत गर्दछु

**कृषि, सहकारी तथा पशुपालन**

१. गाउँपालिकाको आर्थिक वातावरण सुधारका लागि गाउँपालिका दृढताका साथ अघि बढेको छ । सम्बद्ध कानूनको परिमार्जन, निर्माण तथा कार्यान्वयन गरी अधिकार क्षेत्रलाई थप स्पष्ट र कार्यसम्पादनको वातावरणमा सुधार गरिएको छ ।

२. कृषि बालीमा देखिने रोगको नियन्त्रणका लागि आवश्यक औषधिको व्यवस्थापन गरी ५४३ जना कृषकलाई वितरण गरिएको, साना सिंचाई कार्यक्रम अन्तरग वडा नं. ३ को मरफुल वस्ती र वडा नं. ५ को पारी तिम्लामा सिंचाईका संरचना निर्माण गरिएको र सो कार्यक्रमबाट १५ परिवार लाभान्वित भएका छन । स्याउ ओखर पकेट निरन्तरता कार्यक्रम अन्तरग वडा नं. २, ३, ४ र ६ का ३१ परिवार कृषकलाई स्याउ ओखरका विरूवा वितरण गरिएको छ । मसला बाली पकेट क्षेत्र प्रवर्द्धन कार्यक्रम अन्तरगत ८८ परिवार कृषकलाई मसला खेतिका लागि अनुदान उपलब्ध गराइएको छ । अर्ग्यानिक अपिहिमाल कार्यक्रम अन्तरगत १६५ कृषकलाई रैथाने बालीको विउ, तालिम र प्रविधि अनुदानमा उपलब्ध गराइएको । स्थानीय उत्पादनको आधुनिक भण्डारण गर्न प्रदेश सरकारसँगको साझेदारीमा कोल्ड चेम्बर निर्माण गरिएको छ । कृषि क्षेत्रको प्रवर्द्धन, व्यावसायिकरण र यान्त्रिकरण गर्न १५ वटा कृषक समूहलाई हाते ट्र्याक्टर र ७ वटा कृषक समुहलाई थ्रेसर हस्तान्तरण गरिएको छ ।

३. पशु पालन व्यवसायमा संलग्न कृषकहरूलाई प्रोत्साहन गरिएको छ । पशु स्वास्थ्यका लागि खोप कार्यक्रम, पशु लाग्ने रोकको उपचार तथा औषधि वितरण गरिएको छ । वडा नं. ५ र ६ मा गोठ तथा खोर सुधार कार्यक्रम संचालन गरी पशुपालक कृषकहरू लाभान्वित भएका छन । पशुको नश्ल सुधारका लागि एआई मिशन कार्यक्रमका लागि आवश्यक उपकरणहरूको व्यवस्थापन गरिको छ । यसबाट पशुको नश्ल सुधार भई पशु व्यवसायबाट थप लाभ लिन सकिनेछ ।

४. गाउँपालिका भित्र संचालन भएका सहकारीहरूको क्षमता तथा दक्षता अभिवृद्धि गर्न तालिम संचालन गरिएको छ । युवाहरुलाई स्वरोजगार वनाउन तथा व्यवसायमा प्रोत्साहन गर्न सहकारी

मार्फत यूवा तथा साना व्यवसायीलाई सस्तो र सरलकर्जा कार्यक्रम संचालन गरी ३० जना युवाहरुलाई रु दुई लाख सम्म श्रण अनुदान उपलब्ध गराइएको छ। सहकारी मार्फत रैथाने विउ खरिद लगायतका कार्यक्रम संचालन गरिएको छ। साथै स्थानीय रैथाने उत्पादनलाई प्रोत्साहन गर्न प्याकेजिङ र ब्राण्डिङ कार्यक्रम गरिएको छ।

## पर्यटन क्षेत्र

५. गाउँपालिकाको पर्यटन क्षेत्रको प्रवर्द्धन, विकास तथा विस्तार गर्न चालु आर्थिक वर्ष २०८०/०८१ लाई अपिहिमाल पर्यटन वर्ष २०८० का रूपमा मनाइएको छ। अन्तराष्ट्रिय पर्यटन दिवस सेप्टेम्बर २७ को अवसरमा सुदूरपश्चिम प्रदेशको उद्योग पर्यटन वन तथा वातावरण मन्त्री माननीय रमेश धामीको उपस्थितिमा अपिहिमाल वेश क्याम्पमा अपिहिमाल भ्रमण वर्ष २०८० को उदघाटन, Familiarization Trip आयोजना गरी पर्यटकीय क्षेत्रको प्रचार प्रसार गरिएको छ। जसले गर्दा अपिहिमाल बेश क्याम्पको भ्रमण गर्ने पर्यटकहरूको आगमनमा उल्लेख्य वृद्धि भएको छ। गाउँपालिकामा सञ्चालित होमस्टेहरूलाई व्यवस्थित रूपमा संचालन गर्न २४ जना होमस्टे संचालकहरूलाई अवलोकन भ्रमण गराई सिकाई आदानप्रदान गरिएको छ।

६. गाउँपालिकाको पर्यटन प्रवर्द्धन नेपाल पर्यटन बोर्ड संगको साझेदारीमा गर्न वडा नं. ५ को मकरीगाडमा पर्यटन सूचना केन्द्र र कोशेली घर निर्माण सम्पन्न गरी संचालनमा ल्याईएको छ। अपि बेश क्याम्पको चमेलिया मुहान संरक्षण, काठेपुल लगायतका संचरना निर्माण गरिएको छ। गाउँपालिकाको समग्र पर्यटकीय अवस्था झल्किने भिडियो डकुमेन्ट्री निर्माण गरी सार्वजनिक गरिएको छ। पदमार्गमा पर्यटकीय संकेत चिन्हको जडान, फोहर संकलन विन्सको जडान गरिएको छ। पर्यटकीय नक्सा निर्माण कार्य सम्पन्न गरि सार्बजनिक गरिएको छ।

### लघुउद्यम तथा घरेलु उद्योग

७. गरिबी निवारणका लागि लघुद्यम कार्यक्रम अन्तरगत वडा नं. १ र ३ मा उद्यम विकासका लागि सामाजिक परिचालन र उद्यमशिलता विकास कार्यक्रम सम्पन्न गरिएको छ, यसबाट ६१ जना लाभान्वित भएका छन। वडा नं. १ को सितिमा ४५ दिन अल्लो प्रशोधन सीपविकास तालिम सम्पन्न गरिएको छ, यसबाट ३० जना लाभान्वित भएका छन। वडा नं. ३ मा भाङ्गोको (हेम्प) लोक्ताबाट कपडा बुन्ने सीप विकास तालिम सम्पन्न गरिएको छ, यसबाट ३० जना लावान्वित

भएका छन । वडा नं. १ र ३ का नयाँ सिर्जना भएका उद्यमीहरूलाई ४ समूहका ६० जनालाई अल्लो प्रशोधन तथा भाङ्गो हेम्पको कपडा बुन्ने आधुनिक प्रविधि हस्तान्तरण गरिएको छ । वडा नं. ३ को थुम्तिका ९ जनालाई जौ, कोदोबाट बिस्कुट बनाउने सम्बन्धी पूर्नताजगी सीप विकास तालिम र विस्कुट बनाउने ओभन मेशिन हस्तान्तरण गरिएको छ । लघुउद्यमीहरू स्तरोन्नती कार्यक्रमबाट ५ जनाको समूहलाई सिलाई मेशिन प्रविधि हस्तान्तरण गरिएको छ ।

### शिक्षा युवा तथा खेलकुद

८. गाउँपालिकामा सञ्चालित २२ वटा विद्यालयमा शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्यांकन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरीवेक्षण कार्यक्रम सम्पन्न भएको छ । गाउँपालिकाका २२ वटै विद्यालयमा कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपद्को समयमा सिकाई निरन्तरता कार्यक्रम सम्पन्न गरिएको । समुदायिक विद्यालयमा अध्ययनरत ४३२ जना छात्राहरूका लागि निशुल्क सेनेटरी प्याड व्यवस्थापन गरिएको छ । २२ वटै सामुदायिक विद्यालयका विद्यार्थीहरूका लागि निशुल्क पाठ्यपुस्तक उपलब्ध गराइएको छ । गाउँपालिकाका सामुदायिक विद्यालयमा अध्ययनरत ६७९ जना विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराइएको छ । ३ वटा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन कार्यक्रम अन्तरगत विज्ञान प्रयोगशाला तथा विद्यालय प्रोत्साहन कार्यक्रम सम्पन्न गरिएको छ । ६ वटा विद्यालयमा डिजिटल नमूना विद्यालय कार्यक्रम अन्तरगत प्रविधिमैत्री शिक्षण सामाग्री सहयोग गरिएको छ । यूवाक्लव गठन तथा नमूना यूवा संसद अभ्यास, यूवा स्वयंसेवक विकास र परिचालन लगायतका कार्यक्रम सम्पन्न भएका छन । राष्ट्रपति कप रनिङ शिल्ड प्रतियोगिता अध्यक्ष कप टि २० क्रिकेट प्रतियोगिता सम्पन्न गरिएको छ ।

### जनस्वास्थ्य तथा आयुर्वेद

९. नियमित खोप सुदृढीकरण, पूर्णखोप सुनिश्चितता र दिगोपना एफ.आई.पि.भी. खोप अभियानबाट बचाउन सकिने रोगहरूको निगरानी नमूना संकलन व्यवस्थापन कार्यक्रम संचालन गरी सम्पन्न भएको छ, यसबाट गाउँपालिकाका ६४८ जना लाभान्वित भएका छन । मातृ तथा नवशिशु कार्यक्रम सम्पन्न भएको छ, यसबाट ७७ जना लाभान्वित भएका छन । दादुरा खोप अभियानको कार्यक्रम सम्पन्न भएको छ, यस बाट ४२५ जना लाभान्वित भएका छन । प्रजनन रूग्णता स्वास्थ्य

सेवा संचालन गरी सम्पन्न भएको छ, यस बाट १३७ जना लाभान्वित भएका छन। परिवार योजना सेवा संचालन गरी सम्पन्न भएको छ, यस कार्यक्रमबाट ७०० जना लाभान्वित भएका छन। मातृ तथा नवशिशु कार्यक्रम अन्तरगत आमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला, निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम संचालन गरी सम्पन्न भएको छ, यस कार्यक्रमबाट ५५ जना लाभान्वित भएका छन। १११८ जनाको नसर्ने रोगको स्क्रिनिङ गरिएको छ। ४५० जना एकिकृत पोषण तथा सरसफाई कार्यक्रमबाट लाभान्वित भएका छन। आँखा, दाँत लगायतको शिविरबाट १७३२ जनाले निशुल्क उपचार पाएका छन, गाउँपालिकामा विशेषज्ञ चिकित्सक सहितको टेलिहेल्थ कार्यक्रमको शुरूवात भएको छ।

१०. गाउँपालिकाबासी नागरिकहरूको सेवा प्रवाहमा पहुँच पुऱ्याउन सबै वडाका वस्ती स्तर सम्म पुग्ने गरी एकीकृत घुम्ती शिविर संचालन गरिएको छ। सो शिबिरबाट कृषि सेवा तर्फ १०८१ जना, पशुपंछी सेवा तर्फ ७२६ जना स्वास्थ्य सेवा तर्फ १११८ जना, आयुर्वेद सेवा तर्फ १३०२ जनाले घरदैलोमा नै सेवा लिई लाभान्वित भएका छन।

**खानेपानी तथा सरसफाइ स्वच्छता**

११. गाउँपालिकाको वडा नं. ६ को मज्जेमा मज्जे खानेपानी तथा सरसफाई योजना कार्यान्यवन गरी २२ वटा धारा निर्माण सम्पन्न गरिएको छ।

**भौतिक पूर्वाधार तथा स्वरोजगार कार्यक्रम**

१२. वडा नं. २ को कार्यालय भवन निर्माण सम्पन्न गरिएको छ। वडा नं. १ र ३ को कार्यालय भवन यसै आर्थिक वर्ष भित्र सम्पन्न हुने क्रममा रहेको छ। वडा नं. १ र ३ को कार्यालय भवन सुरक्षाका लागि क्रमश १५४ मिटर र २३३ मिटर घेरपर्खाल निर्माण सम्पन्न हुने क्रममा रहेको छ। वडा नं. ४ स्थित रहेको औद्योगिक ग्रामको ७२२ मिटर घेरपर्खाल निर्माण सम्पन्न गरिएको छ। गाउँपालिकाको स्थानीय कला संस्कृति संग्राहलयको निर्माण तथा स्थापनाको कार्य अन्तिम चरणमा रहेको छ। पर्यटकीय पदमार्ग र गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न हुने चरणमा पुगेको। वडा नं. ५ को घोडेभिटा स्थित १५५ मिटर सडक आरसिसि गरिएको छ। गाउँपालिकाको पूर्वाधार तर्फका कर्मचारीहरूको क्षमता तथा दक्षता अभिवृद्धि गर्न तालिम सञ्चालन गरिएको छ।

१३. प्रधानमन्त्री रोजगार कार्यक्रम तथा अध्यक्ष स्वरोजगार कार्यक्रम अन्तरगत गाउँपालिकाको वडा नं. १ मा ८०५ मिटर घोरेटो बाटो, २० मिटर ढल निकास र एउटा काठेपुल निर्माण सम्पन्न भएको छ । वडा नं. २ मा ६८० मिटर खडन्ची बाटो, १०० मिटर पिसिसि बाटो, ५ मिटर सिडि र १० मिटर ढल निकास निर्माण सम्पन्न भएको छ । वडा नं. ३ मा २०० मिटर खडन्ची बाटो, ३६० मिटर पिपिसिबाटो, आधारभूत स्वास्थ्य सेवा केन्द्रमा ७४ मिटर घेर पर्खाल, ६८ मिटर पिसिसिबाटो, ७० मिटर ढलनिकास निर्माण सम्पन्न गरिएको छ । वडा नं. ४ मा १७५ मिटर खण्डेश्वरी मा.वि.को घेरपर्खाल, १२० मिटर ढल निकास, २० मिटर खडन्ची बाटो निर्माण सम्पन्न भएको छ । वडा नं. ५ मा १५५ मिटर पिसिसि बाटो, ३६० मिटर खडन्ची बाटो निर्माण भएको छ । वडा नं. ६ मा गौरी शंकर आ.वि. को सिडि र फिल्ड निर्माण सम्पन्न भएको ।

१४. गाउँपालिकाको वडा नं. १ मा नेपाल दूरसञ्चार संस्थानसँगको साझेदारीमा बिटिएस टावरको स्थापना गरी संचालनमा ल्याइएको छ । यसबाट वडा नं. १, २ र ३ का वासिन्दाहरूका साथै अपि बेश क्याम्पको भ्रमणमा आउने पर्यटकहरू लाभान्वित हुनेछन । गाउँपालिकामा इन्टरनेटको भरपर्दो सेवाको सुनिश्चितताका लागि लिजलाइन इन्टरनेटको व्यवस्था गरिएकोछ ।

१५. वडा नं. १ मा १०० मिटर सिति ढलनिकास, वडा नं. २ मा कोठा देखि डाँफेचुली सम्म ५०० मिटर घोरेटोबाटो, १४० मिटर घुसा ढल निकास, वडा नं. ३ मा घाजिर देखि क्षेत्तीसम्म ४०० मिटर पिसिसि पर्यटकीय पदमार्ग, एक वटा सुधारिएको घट्ट र स्याउजे मन्दिरको पुन:निर्माणको कार्य सम्पन्न भएको छ । वडा नं. ४ मा हलेनढुङ्गा खानेपानी, सल्लेधारमा तारबार र कटेज निर्माण गरिएको छ । वडा नं. ५ मा लुम्थी देउखलोमा फिल्ड निर्माण गरिएको छ । वडा नं. ६ मा मज्जे खोला लघुजलविद्युतको नहर मर्मत र गौरीशंकर आ.वि. मज्जेको भवन मर्मत संभार गरिएको छ ।

## महिला बालवालिका तथा समाजकल्याण

१६. महिला सशक्तिकरण कार्यक्रम अन्तरगत ५२७ जनाको सहभागितामा गाउँपालिका वडा तथा गाउँपालिकास्तरीय महिला सञ्चाल गठन गरिएको छ । उपाध्यक्षसँग एकल महिला कार्यक्रम अन्तरगत वडा नं.१ र २ का २० जना एकल महिलाहरूलाई बाख्रा वितरण गरिएको छ । दलित उत्थान कार्यक्रम संचालन गरी वडा नं. ५ का १७ दलित परिवारलाई बाख्रा वितरण गरिको छ । अध्यक्षसँग ज्येष्ठ नागरिक कार्यक्रम अन्तरगत गाउँपालिका भरी सबै वडाका ज्येष्ठ

नागरिकहरूलाई घरदैलोमा नै गई ३७१ जना ज्येष्ठ नागरिकलाई हर्लिक्स तथा फलफुल वितरण गरिको छ । नारी दिवसमा ३६० जना, लैगिंक हिंसा विरूद्धको अभियान ५९० जनाको सहभागितामा सफल रूपमा गाउँपालिका भरी संचालन गरिएकोछ । राष्ट्रपति महिला जीविकोपार्जन कार्यक्रम संचालन गरी २५ जना महिलालाई १५ दिने हाते जोजियारी सम्बन्धी सीपमूलक तालिम प्रदान गरिएको छ ।

१७. गाउँपालिका तथा वडास्तरका मेलमिलाप केन्द्रहरूको क्षमता विकास तथा दक्षता अभिवृद्धि गर्न मेलमिलापकर्ताहरूका लागि मार्मा गाउँपालिकासँगको साझेदारीमा मेलमिलाप सम्बन्धी ४८ घण्टे तालिम सञ्चालन गरिएको छ । सो तालिममा सबै वडाका जम्मा १९ जना मेलमिलापकर्ताको क्षमता अभिवृद्धि गरिएको छ ।

**गाउँ सभाका सदस्यहरू,**

अब म  गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## कृषि सहकारी तथा पशुपन्छी

१८. कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व वृद्धि, आधुनिकीकरण, व्यवसायिकरण एवम् बजारिकरणको स्पष्ट मार्गचित्र तयार गरी कार्यान्वयनमा ल्याइनेछ । कृषि उत्पादनमा आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहित गरिनेछ । कृषियोग्य भूमिको संरक्षण, बाँझो जग्गाको सदुपयोग गरिनेछ । कृषियोग्य बाँझो जमिनमा पशुपालन, उच्च मूल्यका फलफुल, गैरकाष्ठ वन पैदावार तथा नगदेबाली खेती गर्न प्रोत्साहित गरिनेछ । बिउबिजनमा आत्मनिर्भरताका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । उत्पादन, उत्पादकत्व र सम्भाव्यताका आधारमा कृषि उपज विशेष उत्पादन क्षेत्र निर्धारण गरिनेछ । मोटोको अम्लीयपना घटाउन र उत्पादन वृद्धि गर्न प्राङ्गारीक खेतीलाई प्रोत्साहित गरिनेछ साथै घुम्ती माटो परीक्षण शिबिर संचालन गरिनेछ । कृषक समूह र सहकारीसँग समन्वय गरी एकीकृत उत्पादन र बजारीकरण कार्यक्रम कार्यन्वयन गरिनेछ । कृषकहरूलाई उत्पादनमा उत्प्रेरित गर्न कृषि मेला प्रदर्शनी कार्यक्रम सञ्चालन गरिनेछ । "**रैथानेमा गर्व गरौ**" नाराका साथ परम्परागत र प्राकृतिक तथा पोषणयुक्त रैथाने खाद्यन्न बाली विस्तार गरिनेछ ।

१९. वडा कृषक तथा उद्यमीहरूसँगको साझेदारीमा वडास्तरमा नमूना फार्म स्थापना गरी सिकाई केन्द्रको रूपमा विकास गरिनेछ । किसान सूचीकरण कार्यलाई तीव्रता दिइनेछ । किसान परिचयपत्रलाई कृषि

क्षेत्रमा प्रदान गरिने सेवा सहुलियतसँग आवद्ध गरिनेछ । कृषि शिविर, घुम्तिबाली संरक्षण सेवा सञ्चालन गरिनेछ । स्रोत बिउको संकलन गर्न बिउ बैंकको स्थापना गरिनेछ । व्यवसायिक तरकारी खेती, मसला खेती, अमिला जातका फलफूल खेतीमा विशेष जोड दिइनेछ । किसानलाई रैथाने बाली उत्पादनको उचित मूल्य प्राप्त गर्न बाली भित्र्याउनु पूर्व नै समर्थन मूल्य तोकिनेछ । **"उत्पादन साथमा, अनुदान हातमा"** नाराका साथ कृषि अनुदानलाई उत्पादनमा आधारित बनाइनेछ । उत्कृष्ट कृषकलाई पुरूस्कारको व्यवस्था गरिनेछ ।

२०. बालिनाली, पशुपन्छीको क्षेत्रमा जैविक विविधता संरक्षण, संवर्द्धन तथा उपयोगको अभियान सञ्चालन गरिनेछ । परम्परागत र प्राकृतिक तथा पोषणयुक्त रैथाने खाद्यान्न बालीको खेती विस्तार गर्दै व्यवसायीकरण गरिनेछ । भेडाबाख्रा, च्याङ्ग्रा, चौरी लगायतका पशुपालमा एवम् स्याउ, ओखरजस्ता फलफूल र जडीबुटीका फार्म सञ्चालन गर्न "**समृद्ध अपिहिमाल कार्यक्रम**" सञ्चालन गरिनेछ ।

२१. अपिहिमाल गाउँपालिकाको विगत बर्षको नीति तथा कार्यक्रम अनुरुप भाङ्गो खेतीलाई बैधानिकता प्रदान गरिएकोमा अगामी आर्थिक बर्षबाट भाङ्गो खेतीलाई प्रोत्साहन गरी भाङ्गोबाट कपडा, तेल, अचार लगायतका वस्तुहरु उत्पादन गरि ब्राण्डिङ गरिनेछ । भाङ्गो खेतीलाई व्यवसायीक उत्पादनको रुपमा अघिवढाइ स्थानीय जनताहरुको प्रमुख आम्दानीको श्रोतको रुपमा बिकास गरिनेछ।

२२. मसला तथा रैथानेबाली खेतीलाई व्यवसायिक बनाउन प्रोत्साहन गरिनेछ साथै मसलामा आत्मनिर्भर पालिका बनाउन उत्पादनमा अनुदान सहित ब्राण्डिङ र प्याकेजिङमा सहयोग पुऱ्याइनेछ । स्याउ र ओखर खेती पकेट कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै उत्पादित स्याउ र ओखरमा ढुवानी अनुदानको व्यवस्था गरिनेछ ।

२३. अपिहिमाल गाउँपालिकामा सुदूरपश्चिम प्रदेश स्तरीय भेडा स्रोत केन्द्र स्थापना गरिनेछ । उक्त स्रोत केन्द्रबाट भेडापालन सम्बन्धी अध्ययन अनुसन्धान साथै उन्नत जातको भेडाको नश्ल सुधार हुने व्यवस्था मिलाइने छ । पशुपन्छीको उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि पशुको जातीय सुधारको लागि कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गरिनेछ । रैथाने जात र नश्लका पशुपन्छीका

जातीय सुधारलाई प्रथामिकता दिइनेछ। पशुपन्छीका खोर तथा गोठ सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२४. सहकारीलाई उत्पादनमूलक बनाई यूवा रोजगार, आर्थिक विकासको प्रमुख साझेदारका रुपमा विकास गरिने छ। सहकारीहरुको विकास, विस्तार र नियमन तथा सहकारीबाट पूँजी निर्माण गरी रोजगारी श्रृजना गर्न सक्ने नीति लिइनेछ।

२५. गाउँपालिका अन्तर्गत गठन तथा दर्ता भएका सहकारी संस्थाहरुलाई नियमन गरी संस्थागत विकास तथा क्षमता अभिवृद्धि गर्दै लगिनेछ। सबै सहकारी संस्थाहरुलाई अनिवार्य रूपमा एकीकृत सहकारी व्यवस्थापन प्रणाली (COPOMIS) मा आवद्ध गरिनेछ। सहकारी संस्थाहरुलाई समयोजन (मर्ज) गर्न पहल गरिनेछ। दैनिक उपभोग्य वस्तु, कृषि, वन, मह उत्पादन, पशुजन्य पदार्थ, वितरण र बिक्री गर्ने सहकारीहरुलाई अनुदानको व्यवस्था गरी गाउँपालिकाको प्रमुख वस्तीहरुमा सुपथ मुल्यका सहकारी पसलहरु संचालन गर्न प्रोत्साहित गरिनेछ। सहकारीको पूँजी र लगानीलाई व्यवसायिक, कृषि, पर्यटन, उत्पादन तथा प्रशोधन क्षेत्रमा परिचालन गर्ने नीति लिइनेछ।

## पर्यटन तथा संस्कृतिक सम्पदा

२६. अनुपम प्राकृतिक सौन्दर्य र सांस्कृतिक विविधता लगायत पर्यटकीय सम्भावनाको उपयोग गरी गाउँपालिकालाई देशकै आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ। पर्यटन प्रवर्द्धन, प्रचार प्रसार गर्न "**भिजिट अपिहिमाल**" कार्यक्रमलाई निरन्तरता दिइनेछ। चालु आर्थिक बर्षमा पाँच हजार पर्यटक भित्र्याउन सफल भएकोमा अगामी आर्थिक बर्ष २०८१/८२ मा अपिहिमाल भ्रमण गर्ने पर्यटकहरुको संख्या दश हजार पुर्याइनेछ क्रमश: अगामी दश बर्ष भित्र एक लाख पर्यटक भित्र्याउने गरि कार्यक्रम अघिवढाइनेछ।

२७. पर्यटन क्षेत्रको दीर्घकालिन तथा आवधिक योजना निर्माण गरी अपिहिमाल गाउँपालिकालाई देशकै उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा विकास गरिने गरिनेछ। पर्यटनको प्रवर्धन गर्न निजिक्षेत्रलाई प्रोत्साहित गरिनेछ। अपि परिचय यात्रा (Familiarization Trip) लाई निरन्तरता दिइनेछ। पर्यटन प्रवद्धन गर्न पर्यटकीय सहासिक खेल अल्ट्रा हाईअल्टिच्यट म्याराथन प्रतियोगिताको आयोजना गर्न आवश्यक पहल गरिनेछ। मकरीगाडमा स्थापना भएको कोशेली घरमा रैथाने बाली, स्थानीय उत्पादन, औषधिजन्य जडिबुटी, मसलाजन्य जडिबुटीहरूको सबै समयमा उपलब्धता हुने गरी

सञ्चालन गरिनेछ र पर्यटन सूचना केन्द्रको क्षमता अभिवृद्धि गर्दै प्रविधिमैत्री बनाईने छ । सूचना केन्द्रको स्थापनालाई थप स्थानमा विस्तार गरिनेछ । अपिबेश क्याम्प भ्रमणको प्रवेशद्वारको रूपमा रहेको मकरीगाड बजार लगायत पर्यटकीय पदमार्गमा वातावरण मैत्री स्वस्छता तथा सरसफाई अभियान सञ्चालन गरिने छ । अपिवेस क्याम्प देखी सुर्मासरोवर सम्मको पर्यटकीय पदमार्ग निर्माणमा विशेष जोड दिएइने छ ।

२८. पर्यटनलाई मुख्य आधारमानी यहाँका नागरिकहरुको जिविकोपार्जनमा सहयोग पुर्याउन एग्रो टुरिजम कार्यक्रममा जोड दिइनेछ । हेल्थ टुरिजम मार्फत नागरिकहरुको बिशेषज्ञ चिकित्सक सहित निशुल्क स्वास्थ्य उपचार सेवा प्रदान गरिनेछ । शैक्षिक पर्यटनलाइ बिशेष जोड दिइनेछ । गाउँपालिका भित्र सञ्चालनमा रहेका होमस्टेहरूलाई व्यवस्थित सञ्चालन गर्न पहल गरिनेछ । होमस्टेको विस्तार, होमस्टे सञ्चालको दक्षता अभिवृद्धि, सिकाई आदान प्रदानका कार्यक्रम सञ्चालन गरिनेछ । होमस्टे र होटल व्यवसायीहरूलाई सरसफाई व्यवस्थापन र खानाका परिकार सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

२९. मित्र राष्ट्र भारत चीन लगायत तेस्रो मुलुकका पर्यटक भित्र्याउन पर्यटन प्रबर्द्धन सम्बन्धी कार्यक्रम गरिनेछ । गर्मीको मौसममा गर्मि छल्न र जाडोको समयमा हिउ खेल्नको लागि अपिहिमाललाई हिल स्टेसनको रुपमा बिकास गरिनेछ । कापुचुली हिमालको आधार शिविरलाई नयाँ पर्यटकीय गन्तव्यको रुपमा बिकास गरिनेछ ।

३०. सुदूरपश्चिमको सबै भन्दा अग्लो हिमाल अपिहिमाल सहित नाम्पा, भभय, कापुचुली, जेठीबहुरानी लगायत हिमाल आरोहणको लागि आवश्यक पहल गरिने छ । हनी हन्टिङ अर्थात भिरमाहुरीको मह निकाल्ने परम्परागत पेशालाइ साहसिक पर्यटनको रुपमा बिकास गरिनेछ । हिउमा खेलिले साहसिक स्की खेलको सम्भाव्यता अध्ययन गरिनेछ । रक क्लाइम्बिङको लागि उपयुक्त स्थान छनौट गरि सम्भाव्यता अध्ययन गरिनेछ । धार्मिक पर्यटकीय क्षेत्रको बिकासको लागि स्याउजे मन्दिर पुनरनिर्माणलाई निरन्तरता दिइनेछ साथै नयाँ आर्थिक बर्षमा छिपुला केदार मण्डप र भुमिराज मण्डप पुनरनिर्माण गरिनेछ । छेत्ती घाजीरलाई धार्मिक पर्यटकीय गन्तव्यको रुपमा बिकास गर्न मठ मन्दिर हरुलाई पुनर्निर्माण गरि नयाँ पर्यटकीय गन्तव्यको रुपमा बिकास गरिने छ ।

३१.	पर्यटन क्षेत्रमा कृयाशिल निकायहरु नेपाल पर्यटन बोर्ड, पर्यटन विभाग, TAAN, NMA, NATTA, HAN, नेपाल पर्वातारोहण प्रतिस्ठान पत्रकार महासंघ लगायत संघ संस्थाहरु संग आवश्यक सहकार्य गरि पर्यटन प्रवर्द्धनका कृयाकलापहरु सञ्चालन गरिनेछ ।

३२.	अपिहिमाल गाउँपालिकाले स्थापना गरेको जातीय तथा सांस्कृतिक संग्रालयलाई व्यवस्थित गरी संचालनमा ल्याइनेछ । संग्रालय स्थापनाले यहाँका परम्परागत भेषभुषा संस्कृति तथा सभ्यताको संरक्षण सम्बर्धनमा सहयोग पुग्नेछ ।

## लघु उद्यम तथा उद्योग बिकास

३३.	अपिहिमाल गाउँपालिकालाई लगानीको उचित गन्तव्य बनाउन लगानीमैत्री नीति अख्तियार गरिनेछ । गाउँपालिका क्षेत्रभित्र वनजन्य, कृषिजन्य, पशुजन्य, मासुजन्य र दुग्धजन्य लगायतका स्थानीय उत्पादनमा आधारित उद्योग स्थापनाका लागि लगानीकर्ताहरुलाई आकर्षित गरिनेछ । नवप्रवर्तनमा आधारित व्यवसायलाई प्राथमिकता दिइनेछ । संघीय सरकारसँगको साझेदारीमा नवप्रर्तनमा आधारित आर्थिक विकास सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

३४.	स्थानीय श्रोत साधन तथा कच्चा पदार्थमा आधारित विभिन्न साना तथा मझौला किसिमका कृषि तथा पशुजन्य उद्योगहरु (जस्तै : अचार/जुश/जाम/शस्/चिप्स/नमकिन उद्योग, मसला उद्योग, डेरी उद्योग, बिस्कुट तथा वेकरी उद्योग, मिठाई, सावुन, अगरवत्ती, आरन, मूर्ति निर्माण, सिलाईकटाई आदि) जस्ता उद्योगधन्दाहरु सामुहिक तथा व्यक्तिगत रुपमा संचालन गर्न विशेष प्रोत्साहित गरिनेछ, त्यस्ता उद्योग संचालनका लागि सशर्त अनुदान तथा सहुलियत कर्जाका लागि आवश्यक पहल गरिनेछ । वन पैदावारमा आधारित उद्योगहरु (जस्तै: जडिवुटी संकलन तथा प्रशोधन उद्योग, फर्निचर तथा काष्ठ उद्योग, पानी प्रशोधन उद्योग आदि) संञ्चालनका लागि निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । गाउँपालिकाको वडा नं. ४ मा स्थापना भएको औद्योगिक ग्रामलाई व्यवस्थित गरी सञ्चालनमा ल्याइनेछ ।

३५.	गरिवी निवारणका लागि लघुद्यम विकास कार्यक्रम अन्तर्गत उद्यमीहरुको स्तरोन्नती, आवश्यकता पहिचान पनर्ताजगी तालिम संचालन गरिनेछ । लघु तथा साना उद्योगहरु संचालन गर्ने निजीक्षेत्र तथा समूहहरुलाई सहुलियत तथा प्रोत्साहन स्वरुप अनुदान, प्रविधि तथा सहुलियत ऋणको व्यवस्था मिलाउन पहल गरिनेछ । स्थानीय कच्चा पदार्थमा आधारित भई सञ्चालन हुने उद्योगहरूलाई

प्रोत्साहन गरिनेछ । स्थानीय उत्पादनको प्रवर्द्धन, बजारिकरण, लेभलिङ र ब्राण्डिङमा अनुदानको व्यवस्था मिलाइनेछ ।

३६. शिक्षित रोजगारविहिन युवाहरुलाई रुची र योग्यता अनुसार स्वरोजगारमूलक कार्यक्रम संचालन गरिनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि रोजगार सेवा केन्द्रलाई रोजगार सूचना केन्द्रका रुपमा विकास गरिनेछ । ६० देखि ६७ वर्ष उमेर समूहका नागरिकहरुलाई समेत समेटी "**अध्यक्ष स्वरोजगार**" कार्यक्रम संचालन गरिनेछ । गाउँपालिका क्षेत्रमा श्रृजना हुने रोजगारीका अवसरमा स्थानीय यूवा-यूवतीहरुलाई प्राथमिकता दिइनेछ ।

३७. सरकारी सेवामा प्रवेश गर्न इच्छुक युवाहरुलाइ लोक सेवा तथा भाषा तयारी कक्षा संचालनको लागि आश्यक व्यवस्था गरिनेछ । रोजगारी श्रृजनाका लागि विभिन्न सरकारी निकाय, गैरसरकारी तथा निजीक्षेत्रसँगको समन्वय र सहकार्यमा स्थानीय युवा युवतीहरुलाई विभिन्न सीपमूलक तथा स्वरोजगार सम्बन्धी तालिमहरुमा संलग्न गरी रोजगारी श्रृजना गर्न आवश्यक पहल गरिनेछ । रोजगार विहिन र प्रवासबाट फर्केका युवाहरुलाई व्यावसायिक कृषि तथा पशुपालनमा उत्प्रेरित गर्न नमूना कृषि तथा पशुपालन फार्म संचालन गर्न प्रतिबद्ध व्यक्ति वा समूहलाई विशेष अनुदान, प्रविधि लगायत अन्य आवश्यक सहयोग उपलब्ध गराई प्रोत्साहित गरिनेछ ।

३८. बैंक तथा वित्तीय क्षेत्रमा गाउँपालिकावासीको पहुँच अभिवृद्धि गर्न "**हरेक गाउँपालिकावासीको बैंकमा खाता: समृद्ध गाउँपालिका निर्माणमा हाम्रो सहभागिता**" कार्यक्रम संचालन गरिनेछ । बैंक तथा वित्तीय संस्थालाई उत्पादन बर्षको रुपमा लिई कृषि र उत्पादन क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ । वित्तीय संघ संस्थासँग सहकार्य गरी वित्तीय साक्षरता कार्यक्रम मार्फत ग्रामिण क्षेत्रमा वित्तीय साक्षरता अभियान सञ्चालन गरिनेछ ।

**गाउँ सभाका सदस्यहरू**

## शिक्षा युवा तथा खेलकुद

३९. शिक्षालाई बैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने नीति लिइनेछ । आहा नमुना डिजिटल कक्षा कार्यक्रमलाई निरन्तररुपमा माथिल्लो कक्षाहरुमा बिस्तार गरिनेछ । गाउँपालिका क्षेत्रमा रहेका विद्यालयलाई बालमैत्री, अपांगमैत्री सहित दक्ष जनशक्ति, पूर्वाधारयुक्त विद्यालय, व्यवहारिक सीप विकास र शिक्षालाई गुणस्तरीय बनाइनेछ ।

४०. विद्यालयलहरुको क्षमता अभिवृद्धि, गुणस्तरीय र अभिभावकहरुलाई थप जिम्मेवार वनाउन **"हाम्रो विद्यालय हामी बनाउँछौं"** कार्यक्रम संचालन गरिनेछ सो कार्यक्रम संचालनको लागि स्वंयम सेवक शिक्षक, विद्यालय कर्मचारी तथा विद्यालय शैक्षिक सामग्री तथा विद्यालयको शैक्षिक प्रशासन सुधार लगायतको कार्यको लागि विद्यालयमा एकमुष्ट अनुदानको व्यवस्था गरिनेछ । सामुदायिक विद्यालयका कक्षा १ देखि १२ सम्ममा अध्ययनरत विद्यार्थीहरूलाई नि:शुल्क पाठ्यपुस्तकको व्यवस्था गरिनेछ। प्रत्येक माध्यमिक र आधारभूत विद्यालयहरूमा विज्ञान प्रयोगशाला, पुस्तकालय र ICT LAB को स्थापना गरिनेछ। गाउँपालिका भित्र सञ्चालनमा रहेका विद्यालयहरूको पूर्वाधार निर्माणको कार्यलाई प्राथमिकता दिइनेछ । सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूलाई नि:शुल्क सेनेटरी प्याड उपलब्ध गराइनेछ।

४१. शैक्षिक गुणस्तर सुधारका लागि प्रधानाध्यापक, शिक्षक, विद्यालय कर्मचारीहरु तथा पदाधिकारीहरूको क्षमता विकासका लागि प्रविधिमा आधारित तालिम, स्थलगत शैक्षिक भ्रमण, कार्यशाला, अनुभव आदान प्रदान कार्यक्रम, रोष्टर समूह गठन तथा परिचालन लगायतका कार्यक्रमहरु संचालन गरिनेछ । विद्यालयहरुमा रिक्त शिक्षकको पदपूर्ति गर्दा अनिवार्य शिक्षण अनुमतिपत्रको व्यवस्था गरिनेछ।

४२. गरिब, असाह्य जेहेन्दार तथा विकट वस्तीका विद्यार्थिहरुलाई छात्रावासको व्यवस्था मिलाईनेछ। स्थानीय अल्पसंख्यक विद्यार्थिहरुलाई दिइदै आएको छात्रवृत्ती कार्यक्रमलाई निरन्तरता दिईनेछ। कक्षा १२ सम्मको शिक्षा अनिवार्य गरिने नीति लिइनेछ। आगामी आर्थिक वर्षलाई शैक्षिक उपलब्धी सुधार वर्ष, कक्षा १ देखि ८ सम्म स्थानीय हाम्रो अपि पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयन गरिनेछ। सामुदायिक विद्यालयहरुमा अध्ययन गरी MBBS पढन नाम निकालेका जेहेन्दार विद्यार्थिहरुलाई छात्रवृत्तीको व्यवस्था मिलाईनेछ।

४३. सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचार स्वास्थ्य सचेतनाका लागि गाउँपालिका अन्तरगतका स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरूलाई परिचालन गरिनेछ । विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ । सबै विद्यालयहरुमा स्वच्छ र सफा खानेपानी एवं सरसफाईमा तारे प्रणाली लागू गरी ज्ञान सीप र धारणा विकास गरिनेछ। प्रत्येक वडामा कम्तीमा पनि एक-एक वटा विद्यालय छनौट गरी नमूना विद्यालयको रुपमा विकास गर्न नमूना विद्यालय कार्यक्रम संचालन गरिनेछ। विद्यालय दिवा खाजा कार्यक्रमलाई

निरन्तरता दिइनेछ । विद्यालय भान्सा सुधारकोलागि सरोकारवाला संघ संस्था संगको सहकार्यमा भान्सा घर निर्माण गरिनेछ साथै सबै विद्यालयमा ग्यास र चुलो वितरण गरिनेछ ।

४४. विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न गाउँपालिकाको शिक्षा योजना निर्माण गरिनेछ र सोही बमोजिम शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु संचालन गरिनेछ । पूर्व विद्यार्थी समाज तथा शैक्षिक क्षेत्रमा काम गर्ने संघ संस्थाहरुसँगको सहकार्यमा विद्यालय सुधार योजना लागू गरिनेछ । पाठ्यक्रममा आधारित क्रियाकलाप तथा अतिरिक्त क्रियाकलापको माध्यमबाट बालबालिकाको अन्तरनिहित प्रतिभा प्रष्फुटनको अवसर प्रदान गरी सर्वाङ्गीण विकास गर्न पालिकास्तरीय अतिरिक्त शैक्षिक क्रियाकलापहरू सञ्चालनको व्यवस्था मिलाइनेछ ।

४५. बाली विज्ञान कक्षालाई थप प्रभावकारी बनाई संचालन गरिनेछ । बाली विज्ञान अध्ययनरत विद्यार्थीहरुलाई कृषिसंग जोड्ने नीति लिइनेछ । शिक्षक तथा विद्यार्थीहरुलाई **सिक्दै, सिकाउदै, पढदै कमाउदै** कार्यक्रमलाई निरन्तरता दिइनेछ । स्थानीय स्तरमा प्राविधिक तथा उच्च शिक्षा हासिल गर्ने अवसर श्रृजना गर्न खण्डेश्वरी माध्यमिक विद्यालयलाई वहु-प्राविधिक शिक्षालयको रुपमा विकास गर्न पहल गरिनेछ ।

४६. दिवा खाजा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । विद्यालयलाई पूर्ण सरसफाई क्षेत्र बनाउन खानेपानीको व्यवस्थापन, बालमैत्री धारा, शौचालय, भान्छा, फोहर व्यवस्थापनका लागि आवश्यक व्यवस्था मिलाइनेछ । विद्यालयमा स्वास्थ्यकर्मी परिचालन गरी जीवन उपयोगी स्वास्थ्य शिक्षाका कक्षा सञ्चालन गरिनेछ । बालबालिकाको वार्षिक रूपमा प्रारम्भिक स्वास्थ्य परीक्षण नियमित रूपमा गरिनेछ । जुकाको औषधी तथा आइरन फोलिक एसिड चक्की समयमै बालबालिकालाई खुवाउने र रिपोर्टिङ्ग कार्यलाई व्यवस्थित बनाइनेछ । विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि स्वास्थ्यकर्मी तथा फोकल शिक्षकहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

४७. गाउँपालिकास्तरमा खेलमैदान र कार्यक्रमस्थलको निर्माण गरिनेछ । एक वडा एक खेलमैदानको नीति लिइनेछ । गाउँपालिकामा आवधिक रुपमा विभिन्न खालका खेलकूद प्रतियोगिताहरु आयोजना गरी उत्कृष्ट खेलाडीहरुलाई सम्मान तथा पुरस्कृत गर्दै खेलाडीहरुको प्रतिभा विकास गर्ने नीति लिइनेछ । गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता र अध्यक्ष कप भलिवल र अपिहिमाल अध्यक्ष प्रिमियर लिग क्रिकेट प्रतियोगिता व्यवस्थित र भव्यरुपमा आयोजना गरी

सम्पन्न गरिनेछ । सम्तेली चौड खेल मैदानलाइ प्रदेशस्तरीय हाईअल्टिच्युट खेल मैदान निर्माणको लागि आवस्यक पहल गरिनेछ । समुदायस्तर देखि नै खेलकूदको विकास र विस्तार गरी शारीरिक र मानसिक रुपमा सक्षम र अनुशासित नागरिक तयार गर्ने नीति लिईनेछ । राष्ट्रिय, अन्तराष्ट्रिय पदक प्राप्त गर्न सफल खेलाडिहरुलाई प्रोत्साहन गरिनेछ ।

## जनस्वास्थ्य तथा आयुर्वेद सेवा

४८. नि:शुल्क आधारभूत स्वास्थ्य सेवाको सर्वव्यापी पहुँच सुनिश्चित गर्दै गाउँपालिका भित्रका सबै नागरिकहरूलाई आधा घण्टा भित्रै गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको पुहुँच सुनिश्चित गरिनेछ । नेपाल सरकारले निशुल्क गरेका सबै औषधी तथा स्वास्थ्य सेवाहरु अस्पताल तथा स्वास्थ्य केन्द्रहरुबाट नि:शुल्क र सर्वसुलभ रुपमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । स्वास्थ्य चौकीहरुबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी बनाई छिटो, छरितो गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

४९. स्वास्थ्य क्षेत्रको सर्वव्यापी पहुँच र उपभोगका लागि उच्चतम डिजिटल प्रविधिको प्रयोग गरी स्वास्थ्य संस्थाबाटै विशेषज्ञ सहितको गुणस्तरीय तथा चिकित्सकीय स्वास्थ्य सेवामा पुहँच पुऱ्याउन टेलीहेल्थ तथा टेलीमेडिशिन कार्यक्रमको संचालन तथा विस्तार गरिनेछ । सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमलाई थप सुदृढीकरण गरी विद्यमान स्वास्थ्य बिमा कार्यक्रमलाई व्यवस्थित गरी अनिवार्य रूपमा सञ्चालन गरिनेछ । आवधिक रुपमा स्थानीय स्तरमा विभिन्न रोग सम्बन्धी विशेषज्ञ चिकित्सक सहितको हेल्थ टुरिजम सहित स्वास्थ्य शिविर संचालन गरिनेछ ।

५०. गाउँपालिका अन्तरगत सबै वडामा संचालनमा रहेका स्वास्थ्य सेवा केन्द्र एवं बर्थिङ्ग सेन्टरहरुलाई थप व्यवस्थित र सुविधा सम्पन्न बनाउन विशेष जोड दिइनेछ । साथै आवश्यकता अनुसार स्वास्थ्य क्लिनिक तथा खोप केन्द्रहरु व्यवस्थापन गरी स्वास्थ्य सेवा सर्वसुलभ र भरपर्दो बनाउन विशेष जोड दिईनेछ । अव्यवस्थित तथा अपूरा निर्माण तथा सामग्री अभाव भएका वर्थिङ सेन्टरहरूलाई थप व्यवस्थित बनाई प्रभावकारी सेवा प्रदान गर्न वर्थिङ सेन्टर सुदृढीकरण र विस्तार कार्यक्रम सञ्चालन गरिनेछ ।

५१. सामुदायिक स्वास्थ्य सेवा कार्यक्रमलाई थप व्यवस्थित गर्न महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रमलाई उत्प्रेरणा, हौसला र क्षमता अभिवृद्धि सहित सुदृढिकरण गरिनेछ । सुनौला १००० दिने आमा र बच्चाको पोषण अवस्थाको सुधार ल्याउन उपाध्यक्ष एकिकृत स्वास्थ्य तथ पोषण

कार्यक्रमलाई निरन्तरता दिइनेछ । पूर्ण खोप सुनिश्चितता दिगोपन तथा खोप सेवालाई थप प्रभावकारी बनाउन संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाको साझेदारीमा कोल्ड चेन सब सेन्टरको स्थापना गरिनेछ ।

५२. महिलामा हुने पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर तथा पाठेघर खस्ने लगायतका रोगको नि:शुल्क परीक्षण गरिनेछ । लिङ्गको आधारमा गरिने गर्भपतनलाई निरूत्साहित गरी उमेर नपुगी हुने विवाह र गर्भधारण जस्ता स्वास्थ्यमा नकारात्मक असर पार्ने सामाजिक र सांस्कृतिक अभ्यासलाई सम्बोधन गर्न महिला तथा किशोरी लक्षित कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिनेछ । बढ्दो नसर्ने रोगको जोखिम कम गर्न नियमित घरदैलोमै स्वास्थ्यकर्मी परिचालन गरी नसर्ने रोगको स्क्रिनिङ उपचार र व्यवस्थापन गरिनेछ ।

५३. सबै स्वास्थ्य संस्थाहरूबाट विपद तथा महामारीको समय सम्भव भएसम्मका स्वास्थ्य सेवा तथा उपकरणहरूको अधिकतम प्रयोग गरी सेवा उपलब्ध गराइनेछ । आकस्मिक स्वास्थ्य सेवा सहज पहुँच पुर्‍याउनको लागि कम्तिमा पनि एक स्वास्थ्य संस्थामा यसै आर्थिक वर्ष देखि २४ सै घण्टा स्वास्थ्य सेवा प्रवाह गरिने व्यवस्था मिलाइनेछ । आकस्मिक सेवालाई थप प्रभावकारी बनाउन लक्षित वर्गलाई नि:शुल्क सेवा प्रदान गरी एम्बुलेन्स सेवालाई थप व्यवस्थित बनाइनेछ ।

५४. संघीय तथा प्रदेश सरकारका सम्बन्धित निकायसँग समन्वय गरी आकस्मिक गर्भवती वा सुत्केरीलाई तत्कालै उपचार गर्नुपर्ने देखिएमा हेलिकप्टर मार्फत उद्दार गर्ने व्यवस्था मिलाइनेछ । सरकारी, निजी तथा सामुदायिक क्षेत्रको सक्रियतामा स्वास्थ्य तथा पर्यटन क्षेत्रलाई अन्तरआवद्ध गर्न पहल गरिनेछ । ज्येष्ठ नागरिक, अपांग, अल्पसंख्यक, सीमान्तकृत नागरिकहरूलाई घरदैलोमै सहज स्वास्थ्य सेवा प्रदान गर्न “**अध्यक्ष ज्येष्ठ नागरिक स्वास्थ्य कार्यक्रम**” सञ्चालन गरिनेछ ।

५५. गाउँपालिका अन्तरगत रहेको आयुर्वेदिक औषधालयलाई चिकित्सक सहित स्तरोन्नति गर्न र गुणस्तरी आयुर्वेदिक विधिबाट स्वास्थ्य सेवा संचालन गर्न आवश्यक पहल गरिनेछ । आयुर्वेदिक तथा वैकल्पीक चिकित्सा प्रणालीलाई थप विस्तार गरी सम्भव भएसम्म सबै स्वास्थ्य संस्थाहरूबाट सेवा प्रदानको व्यवस्था मिलाइनेछ ।

५६. वहुक्षेत्रीय पोषण कार्यक्रम "उपाध्यक्ष कोशेली कार्यक्रम" को रुपमा संचालन गरिनेछ । यस अन्तरगत सुरक्षित मातृत्व कार्यक्रम, पोषण चौतारी कार्यक्रम, घरघर करेसावारी, एकलमहिला- सबैभन्दा पहिला, पोषण मैत्री संस्था/टोल विकास जस्ता कार्यक्रमहरु संचालन गरिनेछ । **"घरघरमा**

**अर्ग्यानिक तरकारी: रोग व्याधि डाँडापारी"** नारा अनुसार अर्ग्यानिक खानपानलाई जोड दिई वहुक्षेत्रीय पोषण योजनालाई प्रभावकारी रुपमा लागू गरीनेछ । अगामी आर्थिक बर्ष पोषणमैत्री गाउँपालिका घोषणा गरिनेछ ।

## खानेपानी स्वच्छता तथा सरसफाई

५७. सबैको लागि शुद्ध र स्वच्छ खानेपानी व्यवस्थापन गर्न संघीय सरकार, प्रदेश सरकार तथा अन्य सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको समन्वय तथा साझेदारीमा पालिकावासीहरुलाई स्वच्छ र सफा पानीको आपूर्ति गर्न **"एक घर एक धाराको"** नीति अन्तर्गत आगामी आर्थिक बर्ष भित्र सबै घरधुरीहरुमा स्वच्छ खानेपानी सहित एक घर एक धारा कार्यक्रम सम्पन्न गरिनेछ । पानी स्वच्छता मापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । बालमैत्री धारा अनिवार्य गरिनेछ ।

५८. गाउँपालिकाको समग्र खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रको अवस्था सुनिश्चितता विश्लेषण तथा योजना निर्माणका लागि N-WASH योजना निर्माण निर्माण गरिनेछ । पूर्ण सरसफाईका लागि खानेपानी तथा सरसफाई कोषको स्थापना गरिनेछ ।

५९. सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलब्ध गराउने तथा दिगो विकास लक्ष्य नं. ६ बमोजिम सन् २०३० भित्र कूल जनसंख्याको ५० प्रतिशतलाई स्वच्छ खानेपानी सुविधा उपलब्ध गराउने लक्ष्य पूरा गर्न खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, विद्यमान खानेपानी योजनाहरुको संचालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गर्दै समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्वन गरी समन्वयात्मक एवम् पारदर्शी प्रणाली अनुरुप सेवा प्रदान गर्न गाउँपालिकास्तरमा खानेपानीका योजना निर्माण तथा विद्यमान योजनाहरुको मर्मत सम्भारको व्यवस्था मिलाईने छ ।

६०. गाउँपालिकालाई पूर्ण सरसफाई युक्त, समुदाय तथा विद्यालयहरुलाई पूर्ण सरसफाई उन्मुख बनाउने, पानीजन्य रोगहरुबाट बच्न वडा तथा समुदायस्तरमा पूर्ण सरसफाई अभियान संचालन गरिनेछ । साथै मुहान, स्रोतहरुको संरक्षण एवम् घरायसी स्तरमा पानीको गुणस्तर परीक्षण तथा पानी शुद्धिकरण प्रविधिको थालनी गरिनेछ । गाउँपालिका अन्तर्गत विगतमा संचालित खानेपानी योजनाहरुको मर्मत सम्भार तथा स्तरोन्नती गर्ने, वस्तीस्तरको आवश्यकता र सम्भाव्यता अध्ययन गरी स-साना खालका खानेपानी योजनाहरु निर्माण गर्न समुदायलाई आवश्यक सहयोग गरिनेछ ।

६१. फोहरमैलाको दीर्घकालिन व्यवस्थापनको लागि ठाउँ-ठाउँमा सेनेटरी ल्याण्डफिल साईट निर्माण तथा प्रयोग गर्न समुदायलाई प्रोत्साहित गरिनेछ । बजारक्षेत्र र सार्वजनिक स्थानहरुको फोहोरमैला व्यवस्थापनका लागि डस्टवीन तथा ल्याण्डफिल साईटको प्रयोगलाई प्रभावकारी रुपमा संचालन गरिनेछ । बजारक्षेत्र तथा सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण गरी प्रयोग गर्ने र गराउने कार्यलाई उच्च प्राथमिकता दिइनेछ । साथै "**एक घर, एक शौचालय**" अनिवार्य गरिनेछ । फोहरमैला व्यवस्थापनको लागि स्रोतमा नै फोहरमैला संकलन, Re-cycle and Re-use गर्ने नीति लिइनेछ । गाउँ वस्तीस्तरमा टोल विकास संस्था निर्माण तथा परिचालन गरी सरसफाई लगायत अन्य विकास क्रियाकलापहरु संचालन गर्न प्रोत्साहित गरिनेछ । घरभित्रको फोहोरमैला व्यवस्थापन तथा टोल वस्ती सरसफाई कार्यक्रमलाई संचालन गर्न टोल विकास संस्था/समितिलाई परिचालन गरिनेछ ।

## भाषा, संस्कृति तथा सम्पदा संरक्षण

६२. परम्परागत मेला, जात्रा तथा पर्वहरुको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ । क्षेत्तेली भाषा, मल्देशी भेषभुषा तथा संस्कृती, सितोली सौका समुदायको भाषा, भेषभुषा तथा संस्कृतिको संरक्षण तथा प्रवर्धन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ । **"मौलिकता हाम्रो शान- संस्कृती परम्परा हाम्रो पहिचान"** अभियान अन्तरगत संस्कृती पहिचान, प्रवर्द्धन र विकास संरक्षण गरिनेछ । स्थानीय कला, संस्कृतिको संरक्षण, संम्बर्द्धन र विकासका लागि समय सापेक्ष संरक्षरण, सम्बर्द्धन र प्रवर्द्धनका क्रियाकलापहरु संचालन गरिनेछ । गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक र पूरातात्विक महत्वका जिर्ण सम्पदाहरु, विभिन्न देवी देवताका मन्दिर तथा धार्मिक स्थलहरुको संरक्षण र संवर्द्धन, मर्मत सम्भार र विकासका लागि आवश्यक पहल गरिनेछ ।

६३. अगामी आर्थिक बर्षमा छेत्ती घाजिर धार्मिक सांस्कृतिक पर्यटकीय क्षेत्रको बिस्तृत परियोजना निर्माण गरि सांस्कृतिक सम्पदाको पुनरनिर्माणको श्रोत सुनिस्चितता गरिनेछ । छेत्ती घाजिरलाइ प्रदेशकै अन्तिम गाउँ last village of sudurpaschim नारा स्थापित गरि उत्कृष्ट धार्मिक सांस्कृतिक पर्यटकीय गन्तव्यको रुपमा बिकास गरिने छ ।

## महिला वालवालिका तथा समाजकल्याण

६४. आर्थिक सामाजिक विकासलाई प्राथमिकता दिई "**महिलासँग उपाध्यक्ष कार्यक्रम**" संचालन गरिनेछ। विपन्न तथा असाहय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिदै जीविकोपर्जनका लागि व्यवसायिक तथा स्वरोजगारमूलक कार्यक्रम संचालन गरिनेछ। दलित, आदिवासी जनजाती, अपांग, अल्पसंख्यक तथा पछाडि परेका लक्षित वर्गको उत्थान, संरक्षण र विकासका लागि आयआर्जन, सीप विकास, तालिम, रोजगारी, व्यवसाय विकास जस्ता विशेष योजना तथा कार्यक्रमहरु तर्जुमा गरी संचालन गरिनेछ । जीविकोपार्जन सुधार कार्यक्रमलाई सहभागितामूलक र थप व्यवस्थित गरी सञ्चालन गरिनेछ।

६५. "**ज्येष्ठ नागरिकसँग अध्यक्ष**" कार्यक्रमलाई निरन्तरता दिइनेछ। सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नागरिकहरुको जीवनयापनमा सहयोग पुग्ने वस्तु तथा सेवा सहित वृद्धवृदाहरुलाई सम्मान गरिनेछ। महिला, बालबालिका, दलित, आदिवासी, फरक क्षमता भएका नागरिक र निष्क्रिय अवस्थामा रहेका ज्येष्ठ नागरिकलाई सकारात्मक विभेदका आधारमा विकासम सहभागी हुने अवसरको व्यवस्था मिलाइनेछ। ज्येष्ठ नागरिक र असाह्य ज्येष्ठ नागरिकका लागि विषेश सुरक्षा सहितका कार्यक्रम सञ्चालन गरिनेछ। अन्तरपुस्ताको ज्ञान, अनुभव र सीप हस्तान्तरणका लागि निर्माण गरिएको ज्येष्ठ नागरिक मिलन केन्द्र सञ्चालन गरी थप कार्यक्रम विस्तार गरिनेछ। ज्येष्ठ नागरिकको सम्मान गर्दै गरिब तथा अपांगता भएका ज्येष्ठ नागरिकलाई परिचय पत्र सहजरूपमा प्राप्त गर्ने व्यवस्था मिलाइनेछ। जेष्ठनागरिक दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६६. समाजमा विद्यमान विकृति, विसंगति, कुरीति, कुसंस्कार, घरेलुहिंसा जस्ता अमानवीय र सामाजिक हित विपरित हुने क्रियाकलापहरुको अन्त्य गरी भयमुक्त, न्यायपूर्ण र समानतायुक्त समाजको निर्माणका लागि आवश्यक नीति नियम बनाई कार्यान्वयन गरिनेछ। जातीय विभेद, मानव बेचविखन, लैगिंक हिंसा र विद्युतीय अपराधविरुद्ध सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ। लैगिंक हिंसा न्यूनिकरण गरी गाउँपालिकालाई लैगिंक हिंसामुक्त पालिका घोषणा गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

६७. अनाथ वालवालिकाको संरक्षण तथा शिक्षा स्वास्थ्य र पोषण सुधारको लागि अभिभावकत्वको भुमिका सहित अनाथ बालबालिका संग उपाध्यक्ष कार्यक्रम संचालन गरिनेछ।  बाल अधिकारका चार स्तम्भ बाल संरक्षण, बाल सहभागिता, बाल विकास र बाल बचाउलाई सुनिश्चित गरी बालमैत्री गाउँपालिकाका सूचकलाई दिगो रूपमा संस्थागत गर्न आवश्यक कार्यक्रम संचालनमा ल्याइनेछ । आगामी आर्थिक वर्ष भित्र गाउँपालिकालाई बालश्रम मुक्त गाउँपालिका घोषणा गरिनेछ। बालबालिकाको अधिकार सुनिश्चित गर्न विकास योजना तर्जुमादेखि अनुगमनको चरणसम्म बालबालिकाको सहभागिताका लागि गाउँपालिका भित्र रहेका बालक्लवहरूलाई क्रियाशिल बनाइनेछ। बालमैत्री शासनको कार्यान्वयनमा जोड दिइनेछ। गाउँपालिका क्षेत्रभित्र निर्माण गरिएका बाल उद्यानसहितको बालमैत्री सिकाईलाई व्यवस्थित बनाइनेछ । बाल विवाह, साइवर अपराध, लागूऔषध दूर्व्यसन रोक्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । बाल विवाहलाई पूर्णतया निस्तेज गरिनेछ र यस्ता कार्यमा संलग्नलाई कानुनी रुपमै दण्डित गरिनेछ।

६८. अपांगता भएका, असाहाय, आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्तिहरूको पहिचान गरी संघीय सरकार, प्रदेश सरकार र साझेदार संघ संस्थाको सहयोगमा संरक्षण गर्न पहल गरिनेछ । अपांगता भएका व्यक्तिको शिक्षा, स्वास्थ्य, मनोरञ्जन, खेलकूद, रोजगारी र आय आर्जनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। गाउँपालिका भित्र रहेका अपांगता भएका व्यक्तिहरूलाई अपांगता परिचयपत्र वितरण कार्यलाई थप व्यवस्थित बनाइनेछ।

६९. दलित समुदायको उत्थान, आय आर्जन, कला, सीप तथा जीविकोपार्जनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। परम्परागत पेशा, कला र सीपको संरक्षण र प्रवर्द्धन गर्दै दलित समुदायको आधुनिकिकरण र व्यवसायिकरण गरिनेछ । जातीय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवसलाई "**तीनै तहका सरकारको सन्देश, जातीय भेदभावको पूर्ण बन्देज**" भन्ने नाराका साथ मनाइनेछ।

## सामाजिक सुरक्षा

७०. व्यक्तिगत घटना सतप्रतिशत ३५ दिन भित्र दर्ता गर्ने व्यवस्था मिलाइनेछ । घटना दर्ताका लागि गाउँपालिकाका सम्पूर्ण टोल, बस्ती तथा ६ वटै वडा समेटिने गरी व्यक्तिगत घटना दर्ता तथा सामजिक सुरक्षा नाम दर्ता शिविर सञ्चालन गरिनेछ । सामजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई व्यवस्थित, अभिलेखिकरण र चुस्त दुरूस्त बनाइनेछ । प्रत्येक बैशाख १ देखि ७ गते सम्म मनाउदै आएको व्यक्तिगत घटना दर्ता सप्ताहलाई थप व्यवस्थित रूपमा मनाइनेछ । सामजिक सुरक्षा भत्ता सम्बन्धित वडा कार्यालयको पायक पर्ने स्थानबाट वितरण गरिने व्यवस्था मिलाइनेछ । अति असक्त लाभग्राहीहरूको हकमा संरक्षकको हस्ताक्षरबाट बैंक खाता सञ्चालनका लागि पहल गरिनेछ ।

७१. Biometric Verification का माध्यमबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको पहिचान गरिनेछ । Biometric Verification गर्ने प्रयोजनका लागि Biometric Scanner Device. व्यवस्थापन गरी उक्त Device लाई व्यक्तिगत घटना दर्ता तथा सामजिक सुरक्षा व्यवस्थापन प्रणालीसंग आवद्ध गरी संचालनमा ल्याइने छ ।

## गाउँ सभाका सदस्यहरू

## भौतिक पूर्वाधार तथा स्वरोजगार कार्यक्रम

७२. विकास आयोजनाहरू निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्न आयोजनाको छनौट, प्राथमिकीकरण, प्राथमिकताका आधारमा बजेट विनियोजन गरिनेछ । आयोजनाको छनौट तथा विनियोजन कूशलता र बजेट खर्च सुधार गर्न आवश्यक व्यवस्था गरिनेछ । गाउँपालिका केन्द्रलाई सडक संजालसँग जोड्न संघ तथा प्रदेश सरकारसँग सार्थक पहल गरि नयाँ आर्थिक बर्ष भित्रै पालिका सदरमुकाम सम्म सडक बाटो पुर्याइनेछ । साथै वडा कार्यालयहरुलाई सडक संजालमा जोड्न संघ तथा प्रदेश सरकारका सम्बन्धित निकायहरुसँग समन्वय गरी आवश्यक पहल गरिनेछ ।

७३. दिगो विकासका लक्ष्य, सूचकहरूको स्थानीकरण र आन्तरिकीकरण गर्दै विकास निर्माणसँग अन्तरआवद्धता गर्ने नीति लिइनेछ । पूर्वाधार विकास निर्माणका आयोजनाहरूको कार्यान्वयन गर्दा विस्तृत इन्जिनियरिङ अध्ययन प्रतिवेदन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्यांकन अध्ययन गरिनेछ ।

७४. विकास निर्माणसँग सम्बन्धित सरोकारवाला पक्षहरूको क्षमता तथा दक्षता अभिवृद्धि गरी विकास निर्माण कार्यलाई गुणस्तरीय बनाइनेछ। गाउँपालिकाका नदी/खोलाहरुमा आवश्यकता अनुसार पुल निर्माण गर्न संघीय तथा प्रदेश सरकारका सम्बन्धित निकायहरुसँग समन्वय तथा पहल गरिनेछ। पुलको मर्मत सम्भारकर्ताका लागि आवश्यक औजार उपकरणको उचित व्यवस्था गरिनेछ।

७५. गाउँपालिका क्षेत्रभित्र निर्माण हुने भवनको नक्सा पास गर्दा नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवनसंहिताको अनिवार्य र कडाईका साथ पालना गरिनेछ। भवन निर्माण आचार संहिता लागू गरी गाउँपालिका अन्तरगत निर्माण गरिने सार्वजनिक तथा निजी भवन/घरहरु निर्माण गर्नुपूर्व गाउँपालिका कार्यालयबाट अनिवार्य रुपमा नक्सापास गराई निर्माण अनुमति लिने व्यवस्था मिलाइनेछ। निर्माण सम्पन्न भइसकेका घर/भवनहरूको अनिवार्यरूपमा अभिलेखिकरण गर्नुपर्ने व्यवस्था मिलाइनेछ।

७६. गाउँपालिका अन्तर्गत विगत देखि संचालित कूलो, नहर, पोखरी लगायतका सिंचाई सुविधाको संरक्षण, सम्बर्द्धन र मर्मत सम्भारका साथै स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिईनेछ। सिंचाई सुविधा विस्तार गर्नु पर्ने वस्तीहरुको आवश्यकता, श्रोत तथा सम्भव्यता हेरी कुलो, नहर, पोखरी आदि प्रविधिमा आधारित सिंचाई सुविधा निर्माण गर्न आवश्यक पहल गरिनेछ। साना सिंचाई आयोजनाहरुको आवश्यकता पहिचान, सम्भाव्यता अध्ययन गर्दै प्राथमिकताक्रम निर्धारण गरी स्रोतको आधारमा कार्यान्वयन गरिनेछ। ठूला सिंचाई आयोजना कार्यान्वनका लागि संघीय तथा प्रदेश सरकारका सम्बन्धित निकायमा समन्वय र पहल गरिनेछ।

७७. गाउँपालिका क्षेत्रभित्र राष्ट्रिय विद्युत प्रशारण लाइन विस्तारको कार्यलाई तिव्रतापूर्वक गर्न सम्बन्धित निकायसँग विशेष पहल गरिनेछ। राष्ट्रिय प्रशारण विद्युत लाईन विस्तार, मर्मत तथा विद्युतिकरण कार्यलाई उच्च प्राथमिकताका साथ सार्थक पहल गरिनेछ। गाउँपालिका भित्र निर्माण भई सञ्चालनमा रहेका लघु जलविद्युतलाई व्यवस्थित तथा नियमन गरिनेछ।

७८. गाउँपालिकाको भूउपयोग तथा जग्गा वर्गिकरणलाई कार्यान्वयनमा ल्याइनेछ। उपलब्ध भूमीको वैज्ञानिक, व्यवस्थित, आधुनिकीकरण र औद्योगिकरणमा जोड दिंदै उत्पादन र उत्पादकत्वमा वृद्धि गरिनेछ। भूमीको खण्डिकरण र जमिन बाँझो राख्ने कार्यलाई निरूत्साहित गर्दै "**व्यावसायिक कृषि, सम्मानित पेशा**" भन्ने नाराका साथ उद्यमशिलताको प्रवर्द्धन गरिनेछ।

७९. नेपाल टेलिकम सँग समन्वय गरी गाउँपालिका अन्तर्गत वडा नम्बर ३ को काटै मर्फुल कटेलीगाड बजार बस्तीलाई मध्येनजर गरी उपर्युक्त ठाउँमा टेलिफोन टावर निर्माण गर्न र संचार सेवा सर्वसुलभ र प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ।

## गाउँ सभाका सदस्यहरू

## वन वातावरण तथा विपद व्यवस्थापन

८०. स्वच्छ, सफा, हरित गाउँपालिका बनाउने नीतिलाई अवलम्बन गरिनेछ। साथै क्षेत्रगत कानून मापदण्ड निर्धारण गरी कार्यान्वयन गरिनेछ। संरक्षण सामुदायिक वन, धार्मिक वनको अवधारणा प्रभावकारी रुपमा कार्यान्वयन गर्न सम्बन्धित निकायमा आवश्यक समन्वय र पहल गरिनेछ। वन क्षेत्र, नदी/खोला किनार, नदी/खोला उकास, सार्वजनिक खालि जग्गा, पाखामा वृक्षारोपणलाई अभियानको रुपमा संचालन गरिनेछ। गाउँपालिका क्षेत्रमा रहेका अमूल्य र दूर्लभ वनस्पति तथा वन्यजन्तुहरुको संरक्षणका लागि आवश्यक पहल गरिनेछ। जडिबुटी खेती, फलफूल खेती संचालन गर्ने व्यक्ति, समूह तथा संघसंस्थाहरुलाई प्रोत्साहन गरिनेछ।

८१. जलवायु परिवर्तन अनुकूलनका कार्यक्रम संचालन गरी वन तथा वातावरण संरक्षणका कार्यक्रम संचालन गरिनेछ। वन तथा वातावरणको संरक्षण, सम्बर्द्धन तथा दिगो उपयोग र विकासका लागि नेपाल सरकारका सम्बन्धित निकायहरुसँगको समन्वयमा सामुदायिक वन उपभोक्ता समूहको क्षमता अभिबृद्धिका साथै वन व्यवस्थापन र वन उपयोग नीति तथा कार्यक्रम बनाई कार्यान्वयन गर्न पहल गरिनेछ। वन तथा वातावरण व्यवस्थापनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। बाढी, पहिरो, नदी कटान, भूस्खलन आदिबाट वर्षेनी हुने क्षति रोक्न जोखिमयुक्त स्थान/क्षेत्रहरुको सर्वेक्षण, अध्ययन गरी आवश्यक योजना बनाई कार्यान्वयन गरिनेछ। बाढी र पहिरोबाट हुने धनजनको क्षतिलाई न्यूनिकरणका कार्यहरु संचालन गरिनेछ।

८२. जलवायु परिवर्तनको कारण सुख्खा र खरेडीका कारण पानीका मुहान सुक्दै गएको कुरालाई मध्यनजर गर्दै जलाधार संरक्षण कार्यक्रम सञ्चालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू जलाधार र सिमसार क्षेत्रहरूको संरक्षण एवं प्रवर्द्धन गरी खानेपानीका रिचार्ज पोखरी निर्माण खानेपानी दिगो आपूर्तिको प्रवन्ध गरिनेछ।

८३. गाउँपालिका क्षेत्रभित्र हुने बाढी, पहिरो, आगलागी, भुकम्प, असिना, सुक्खा खडेरी जस्ता प्राकृतिक विपद् र अन्य कृतिम विपद्बाट उद्धार गरी तुरुन्त राहत प्रदान गर्न वडा तथा गाउँपालिका, सुरक्षा निकाय, निजी क्षेत्र, राजनीति दल, रेडक्रस तथा गैर सरकारी संस्थासँग समन्वय गरिनेछ। गाउँपालिका क्षेत्रभित्रका नदी, खोलाहरुले गरेको कटानको नियन्त्रण गर्न तटबन्ध निर्माणका लागि नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ । गाउँपालिकामा आपतकालिन कार्य सञ्चालन केन्द्र सञ्चालनमा ल्याइनेछ। विपद पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ । विपद पूर्व तयारीका लागि आवश्यक बन्दोवस्त मिलाइनेछ । गाउँपालिका भित्र रहेका खुला क्षेत्रहरूको पहिचान गरी संरक्षण संवर्द्धन गरिनेछ।

८४. गाउँपालिकास्तरीय जोखिम नक्साङ्कनबाट पहिचान भएका क्षेत्रहरुमा बाढी, पहिरो, नदी तथा खोला कटानजन्य प्रकोप न्यूनिकरणका लागि विपद व्यवस्थापनमैत्री नीति कार्यक्रम तय गरिनेछ। गाउँपालिकास्तरीय विपद व्यवस्थापन समितिलाई सशक्त र क्रियाशिल बनाईनेछ। गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ। प्राकृतिक विपदजन्य घटना न्यूनिकरण गर्न सरोकारवाला निकाय तथा सरकारी, गैरसरकारी संघ संस्थाहरूसँगको समन्वय र सहकार्यमा विपद व्यवस्थापन सम्बन्धी आवश्यक कार्य गरिनेछ। वडास्तरमा गठन गरिएका खोज, उद्दार टोलीहरूको क्षमता अभिवृद्धि गरिनेछ। विपदजन्य घटनाको खोज, उद्दार लगायतका कार्यमा वडास्तरमा गठन गरिएका खोज उद्दार टोलीलाई परिचालन गरिनेछ।

८५. विपद रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि गाउँपालिकाको प्रकोप व्यवस्थापन कोष परिचालन गरिनेछ । विपद् तथा महामारी व्यवस्थापनका लागि परिस्थिति एवं आवश्यकतानुसार तत्काल योजना तथा कार्यक्रम बनाई प्रभावकारी कार्यान्वयन गरिनेछ । विद्युत तथा ग्यासको असावधानीपूर्वक प्रयोग गर्दा हुन सक्ने दुर्घटनाहरुको न्यूनिकरणका लागि सचेनामूलक कार्यक्रम संचालन गरिनेछ।

८६. गाउँपालिकाको विकास निर्माणसँग सम्बन्धित आयोजनाहरूलाई जलवायू उत्थानशिल बनाउन आवश्यक कार्य गरिनेछ। जलवायू परिवर्तनको असर न्यूनीकरण र अनुकूलनको प्रभावकारिताको लागि सूचना, प्रविधि, ज्ञान र सीपको आदान प्रदान गरिनेछ। वातावरण मैत्री विकासलाई प्राथमिकता दिइनेछ। वातावरण मैत्री गाउँपालिका घोषणा गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ।

## गाउँ सभाका सदस्यहरू

## सुशासन शान्ति सुरक्षा तथा न्यायिक समिति

८७. गाउँपालिका भित्रका राजनीतिक दलहरु, गाउँ कार्यपालिका तथा गाउँ सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दल तथा जनप्रतिनिधिहरु बीच आपसी सहमति, सहकार्य र कार्यगत एकतालाई प्रोत्साहित गर्दै हरेक विषयहरुमा सर्वसम्मतरुपमा निर्णय गर्ने एवं कार्यान्वयन गर्ने परिपाटी कायम गरिनेछ।

८८. क्षमता अभिवृद्धि तथा प्रोत्साहनमूलक कार्यक्रम मार्फत गाउँपालिकामा कार्यरत कर्मचारीको कार्यदक्षता अभिवृद्धि गरी सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी वनाइनेछ। नागरिकहरुलाई छिटो छरितो र स्थानीय स्तरमै सेवा प्रवाह गर्न गाउँपालिकाका ६ वटै वडा कार्यालयहरुलाई थप व्यवस्थित गर्दै सेवा प्रवाहलाई अझ प्रभावकारी वनाईनेछ। सेवा प्रवाहलाई प्रभावकारी बनाउन गाउँपालिकामा कार्यरत समग्र जनशक्तिका लागि तालिम, अध्ययन, अवलोकन कार्यक्रम संचालन गरिनेछ। गाउँपालिका अन्तरगत कार्यरत कर्मचारीहरुको कार्यविवरण तयार गरी सोही आधारमा कार्य सम्पादन मूल्यांकन गरिनेछ। उत्कृष्ट कार्य सम्पादन गर्ने गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, करदाता, शिक्षक, उपभोक्ता समिति, टोल विकास समितिलाई पुरस्कृत गर्ने पद्धतिको विकास गरिनेछ।

८९. न्यायिक समितिको संस्थागत विकास गरी नागरिकलाई न्यायमा सहज पहुँच पुऱ्याइनेछ। न्यायिक समितिमा दर्ता हुन आएका विवादहरूको न्यायिक निरोपण छिटोछरितो र मेलमिलापको माध्यमबाट हुने व्यवस्था मिलाइनेछ। सबै वडा कार्यालयमा मेलमिलप केन्द्र सञ्चालनमा ल्याइनेछ। मेलमिलाप केन्द्रलाई साधनस्रोत सम्पन्न गरिनेछ। न्यायिक कार्यसँग सम्बन्धित अभिलेखलाई व्यवस्थित बनाउदै अद्यावधिक गरिनेछ।

९०. जिल्लास्तर तथा गाउँपालिकाको कार्यालयबाट उपलब्ध हुने सेवाहरु सम्बन्धित निकायहरुसँग समन्वय गरी सबै वडाका वस्तीस्तरमै उपलब्ध गराउन एकीकृत घुम्ति शिविर कार्यक्रम संचालन गरिनेछ।

९१. गाउँपालिका अन्तर्गत संचालन हुने विभिन्न योजना तथा कार्यक्रमहरुमा पारदर्शिता र जवाफदेहिता कायम गर्न नियमित अनुगमन, सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण लगायत स्थानीय संचार माध्यम र अन्य माध्यमहरु मार्फत सार्वजनिक गर्ने व्यवस्था गरिनेछ। सरकारी एवं गैरसरकारी क्षेत्रबाट

गाउँपालिका क्षेत्रमा संचालन गरिएका योजना तथा कार्यक्रमहरुको प्रभावकारी नतिजामुखी अनुगमन मूल्यांकन प्रणाली विकास गरिनेछ । गाउँपालिकालाई कार्यक्षेत्र बनाई कार्यरत सबै गैरसरकारी संस्थाहरुलाई गाउँपालिकाको पूर्व सहमति र समन्वयमा कार्य गर्ने वातावरण निर्माण गरिनेछ। वडा तहमा कार्यक्रम गर्न जाँदा सम्बन्धित वडासँगको समन्वयलाई प्रभावकारी बनाइनेछ।

९२. गाउँपालिका कार्यालय र वडा कार्यालयहरुमा नागरिक वडापत्र, सुझाव पेटिका, गाउँपालिका तथा सम्बन्धित वडाको कार्यक्रम तथा बजेटको होर्डिङ्ग बोर्ड, संचालित योजना स्थलहरुमा योजना सूचना बोर्ड राखि पारदर्शिता कायम गर्ने कार्यलाई निरन्तरता दिंदै प्रभावकारी वनाईनेछ । गाउँपालिकाको कार्यालयमा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरी सरोकारवालाका गुनासाहरूको यथासमयमै सम्बोधन गर्ने परिपाटीको विकास गरिनेछ।

९३. वार्षिक विकास कार्यक्रममा लैंगिक उत्तरदायि, दिगो विकास लक्ष्य र जलवायू अनुकूलन सम्बन्धी बजेटकोड अवलम्बन गरिनेछ। मध्यमकालिन खर्च संरचना, लैंगिक उत्तरदायि बजेट, दिगो विकास लक्ष्य र जलवायू अनुकूलन बजेट तर्जुमाका लागि कोड (सांकेतीकरण) सम्बन्धी निर्देशिका तर्जुमा गरिनेछ।

९४. अख्तियार दुरुपयोग अनुसन्धान आयोग एवम् महालेखापरीक्षकको कार्यालयबाट समय समयमा जारी भएका सुझाव तथा निर्देशनहरूको गम्भिरतापूर्वक कार्यान्वयन गरिनेछ। सुशासन प्रवर्द्धन गर्दै भ्रष्टाचार नियन्त्रण गर्न उक्त सुझाव र निर्देशनहरूको आधारमा गाउँपालिका सम्वद्ध नीति, कानून, निर्देशिका, मापदण्डमा क्रमिक रूपमा आवश्यक परिमार्जन एवम् संशोधन गर्ने व्यवस्था मिलाइनेछ।

९५. गाउँपालिकाका नीति तथा कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी तुल्याउन अनुगमन प्रणाली सुदृढ गरिनेछ। विकास निर्माण एवम् सेवा प्रवाहको एकीकृत विद्युतीय अभिलेखिकरण एवम् विद्युतीय अनुगमन प्रणालीको जडान गरी कार्यान्वयनमा ल्याइनेछ।

९६. गाउँपालिकाबाट प्रवाह हुने सेवालाई पारदर्शी, जवाफदेही तथा जनसहभागितामूलक बनाउन सूचना प्रविधिको उपयोगलाई प्राथमिकता दिइनेछ । संघीय सरकार, प्रदेश सरकार, सरोकारवाला संघ संस्थासँगको समन्वय तथा साझेदारीमा गाउँपालिकालाई पेपरलेस बनाउदै डिजिटल गाउँपालिका बनाउने नीति लिइनेछ । गाउँपालिकाको आन्तरिक प्रशासन सुधार, घरनक्सा, जिन्सी, योजना, राजश्व, दर्ता चलानी, गुनासो सुनुवाई व्यवस्थापन प्रणाली लगायतका विद्युतीय प्रणालीहरूको

जडान गरी विद्युतीय शासनलाई आत्मसात गरिनेछ । गाउँपालिकाका सम्पूर्ण अभिलेखलाई विद्युतीय प्रणालीमा आधारित बनाउदै सूचना केन्द्रको स्थापना गरिनेछ ।

९७. गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरूमा उच्च गतिको इन्टरनेट जडानका लागि आवश्यक कार्य गरिनेछ । गाउँपालिकाको सम्पूर्ण अभिलेखलाई एकीकृत गरी फाइल सर्भरको स्थापना गरी सञ्चालनमा ल्याइनेछ । मकरीगाड स्थित रहेको पर्यटन सूचना केन्द्रलाई उपयुक्त विद्युतीय प्रणाली र उपकरण सहितको प्रविधिमैत्री बनाइनेछ । पञ्जिकरणका कामकारवाहीहरुलाई विद्युतीय माध्यमद्वारा व्यस्थापन गर्ने नीति लिइनेछ । सामाजिक सुरक्षा कार्यक्रमलाई व्यवस्थित गरी वितरण र अभिलेखिकरणलाई चुस्त दुरुस्त बनाइने छ ।

९८. गाउँपालिका अन्तर्गत शान्ति, अमनचयन र नागरिकको जीउधनको सुरक्षाको निमित्त गाउँपालिका क्षेत्रभित्रका स्थानीय सुरक्षा निकायहरुलाई थप व्यवस्थित, क्रियाशिल र जनमुखी बनाइनेछ । पालिका भित्रका मुख्य बजार क्षेत्रमा CCTV जडान अगामी आर्थिक बर्ष भित्रै गरिनेछ ।**"ज्यानको सुरक्षा धनको रक्षा"** नाराका साथ लागू औषध विरुद्धको सचेतना अभियान संचालन, लागू औषध उत्पादन, बिक्री वितरण, ओसारपसार तथा सेवनको नियन्त्रण गरिनेछ । समाजमा विद्यमान जुवातास, मदिरा, लागू औषध र अन्य अवैध क्रियाकलापहरुको निषेध, नियमन र नियन्त्रणका लागि आवश्यक पहल गरिनेछ ।

९९. गाउँपालिकाको आवधिक विकास योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । शिक्षा, स्वास्थ्य, कृषि, विपद, पूर्वाधार विकास, पञ्जिकरण, पर्यटन, खानेपानी तथा सरसफाई, दिगो विकास, वातावरण मैत्री विकास, बालमैत्री शासन लगायतसँग सम्बन्धित तथ्यांकहरुको व्यवस्थित विद्युतीय अभिलेख राखिनेछ । गाउँपालिकाको प्रोफाईललाई समय-समयमा अद्यावधिक गरी विश्वासनीय बनाइनेछ ।

१००. आन्तरिक आयमा वृद्धि गर्न करका दर भन्दा दायरा फराकिलो बनाई सर्वसुलभ बनाउने र करदातामैत्री वातावरण तयार गरिनेछ । नियमित रुपमा कर तिर्ने र कर छलि गर्नेलाई प्रोत्साहन र दण्ड जरिवानाको व्यवस्था गरिनेछ । सम्पूर्ण उद्योग धन्दा तथा व्यापार व्यवसायहरुलाई अभिलेखिकरण गर्दै कानून बमोजिम कर निर्धारण गरी राजश्वका श्रोत बृद्धि गरिनेछ । गाउँपालिकाबाट संकलन गरिने मालपोत, घरकर, राजश्व, शुल्क, दस्तुर आदि व्यवस्थित र नियमन गरी राजश्व संकलनलाई प्रभावकारी र पारदर्शी बनाइनेछ । गाउँपालिका क्षेत्रबाट निकासी हुने प्राकृतिक तथा सार्वजनिक

वस्तुहरुमा समय सापेक्षित कर निर्धारण तथा संकलन गरी गाउँपालिकाको आन्तरिक श्रोत बृद्धि गरिनेछ । सामुदायिक वनहरुबाट संकलन हुने काठ, दाउरा बिक्रीबाट प्राप्त हुने राजश्वको नियमानुसारको कर गाउँपालिकाको आन्तरिक स्रोत खातामा दाखिला हुने व्यवस्था मिलाइनेछ ।

## गाउँ सभाका सदस्यज्यूहरू

आर्थिक वर्ष २०८१/८२ का लागि प्रस्तावित नीति तथा कार्यक्रमले सुन्दर समृद्ध र बिकसित अपिहिमाल गाउँपालिका निर्माण गर्ने सकंल्पलाई साकार तुल्याउन महत्वपूर्ण योगदान पुग्ने विश्वास गरेको छु । प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनबाट हालसम्म हासिल भएका राजनीतिक, सामाजिक तथा आर्थिक उपलब्धी संस्थागत हुनुको साथै आगामी दिनमा विकास प्रक्रियामा थप गतिशिलता आउने र प्रभावकारी एवम् नतिजामुखी सेवा प्रवाहमार्फत सुशासनको प्रत्याभूती हुनेछ । प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट राष्ट्रिय, प्रादेशिक र गाउँपालिकाको हित, गौरव, स्वाभिमान, सन्तुलन र सम्मान अभिवृद्धि हुने भएकाले यसमा गाउँ सभाको समर्थन एवम् सबैको सक्रिय सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाको क्रममा सुझाव र सहयोग प्रदान गर्नुहुने राजनीतिक दल,जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, बुद्धिजिवी, सहकारी एवम् निजी क्षेत्र, गैरसरकारी संघसंस्था, आम-सञ्चारजगत, नागरिक समाज, उद्योगी, व्यवसायी, किसान, श्रमिक वर्ग र सम्पूर्ण गाउँपालिकाबासी दिदीबहिनी तथा दाजुभाईप्रति हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनको लागि सबैबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद ।।

सम्वत् २०८१ साल असार ९ गते आइत बार ।